## कटहरीया नगरपालिकाको आपतकालीन कार्यसंचालन केन्द्र

# कार्यसंचालन कार्यविधि – २०८२

कटहरीया नगरपालिका
मधेश प्रदेश
नेपाल

CS CamScanner

दस्तावेज : कटहरीया नगरपालिकाको आपतकालीन कार्यसञ्चालन केन्द्रको कार्यविधि

प्रकाशक: स्थानीय विपद् व्यवस्थापन समिति कटहरीया नगरपालिका, कटहरीया

प्रकाशन मिति : २०८२

द्रष्टव्य : यो दस्तावेज विशेषगरी विपद्पछिको आपतकालीन समयमा गर्नुपर्ने कार्यको लागी गर्नुपर्ने पूर्वतयारी र प्रतिकार्यलाई प्रभावकारी बनाउने प्रयासका लागी तयार गरिएको छ। यसलाई स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबाट आवश्यकता बमोजिम पुनरावलोकन गरी वियमित रूपमा अद्यावधिक गरिनेछ।

सर्वाधिकार : स्थानीय विपद् व्यवस्थापन समिति, कटहरीया नगरपालिका, रौतहट

प्रविधिक सहयोग : जलवायु उत्थानशील समुदाय

*यस कटहरीया नगरपालिकाको आपतकालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन कार्यविधि जेड ज्यूरिच फाउन्डेसन (Z Zurich Foundation) को आर्थिक सहयोगमा मर्सि कोर र आसमान नेपालको प्राविधिक सहयोगमा तयार गरिएको हो।*

CamScanner

**प्रस्तावना:**

सामाजिक, भौगर्भिक, सामाजिक तथा आर्थिक र जलवायु परिवर्तनले बढ्दै गएको विपदको जोखिमलाई न्यूनीकरण गर्दै कटहरीया नगरपालिका भित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपबाट हुन सक्ने विपद्का कारण सर्वसाधरणको जनधन तथा सार्वजनीक र निजी एवं व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्दै आपतकालीन समयमा खोज तथा उद्धार, राहत, प्राथमिक उपचार, क्षतिको लेखाजोखा र राहत व्यवस्थापन एवं प्रभावकारी सञ्चार तथा समन्वय गरी अत्यावश्यक सेवाहरूको सुनिश्चितताको लागि कटहरीया नगरपालिकाले आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालनमा ल्याएको छ। उक्त केन्द्र सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ को उपदफा (२) को खण्ड (ट), कटहरीया नगरपालिकामा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८० ले दिएको अधिकार प्रयोग गरी, कटहरीया नगरपालिका आपतकालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन कार्यविधि २०८२, कटहरीया नगरपालिकाको नगरसभाले स्वीकृत गरेको छ।

## परिच्छेद -१

१। **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यसञ्चालन कार्यविधिको नाम "कटहरीया नगरपालिका आपतकालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन कार्यविधि, २०८२" रहेको छ।

९२० यो कार्यसञ्चालन कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२। **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यसञ्चालन विधिमाः

९क० "मेयर" भन्नाले नगर कार्यपालिकाको मेयरलाई जनाउँछ।

९ख० "आपतकालीन अवस्था" भन्नाले जन वा धनको क्षति हुन नदिन तत्कालै उद्धार गर्नुपर्ने प्राकृतिक वा गैरप्राकृतिक अवस्था सम्झनु"पर्छ।

९ग० "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

९घ० "कार्यपालिका" भन्नाले कटहरीया नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

९ङ० "कार्यालय" भन्नाले कटहरीया नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

९च० "केन्द्र" भन्नाले कटहरीया नगरपालिकाको आपतकालीन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ।

९छ० "विधेयक" भन्नाले कटहरीया नगरपालिकाको स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७७ सम्झनुपर्छ।

९ज० "कोष" भन्नाले कटहरीया नगरपालिकामा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७७ को दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

९झ० "नगरपालिका" भन्नाले कटहरीया नगरपालिकालाई सम्झनु पर्दछ।

CamScanner

१ञ० "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १६ बमोजिम रौतहट जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

१ट० "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १४ बमोजिम मधेस प्रदेशमा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्दछ।

१ठ० "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कटहरीया नगरपालिकाको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ।

१ड० "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने अवस्थालाई सम्झनु पर्छ।

१ढ० "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्दछ।

१ण० "विपद् व्यवस्थापन समिति" भन्नाले कटहरीया नगरपालिका विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

१त० "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागी परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शव्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत सम्झनु पर्दछ।

१थ० "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपदबाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्दछ।

१द० "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शव्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ।

१ध० "स्थलगत सर्वेक्षण" भन्नाले नगरपालिकाद्वारा गठित टोली वा नगरपालिकाबाट खटाएको कुनै कर्मचारीले स्थलगत रूपमा छलफल समेत गरी सूचना संकलन मार्फत गरिएको सर्वेक्षणलाई सम्झनु पर्छ।

१न० "सभा" भन्नाले कटहरीया नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

१न्न० "सरोकारवाला" भन्नाले नगर कार्यपालिकाको निर्णयले प्रत्यक्ष रूपमा प्रभाव पार्ने व्यक्ति वा संस्थालाई जनाउँछ।

१प० "सरोकारवाला निकाय" भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विपद् व्यवस्थापनमा सहयोग गर्ने वा गर्न सक्ने सरकारी, गैर सरकारी र सामुदायिक संघ संस्थालाई सम्झनु पर्छ र सो शव्दले संयुक्त राष्ट्रसंघीय वा अन्य अन्तर्राष्ट्रिय संघ संस्थालाई समेत जनाउँछ।

१फ० "संघीय ऐन" भन्नाले नेपाल सरकारको "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४" सम्झनु पर्छ।

१ब० "सामुदायिक संस्था" भन्नाले नगरपालिका क्षेत्रभित्र गठन भई नगरपालिकामा सूचीकृत भएको समुदायमा आधारित संगठित संस्था सम्झनु पर्छ।

[illegible]० "संरचना" भन्नाले घर, टहरा, सेड, गयारेज, पर्खाल, सडक, सामुदायिक तथा सार्वजनिक भवन, पुल जस्ता स्थायी रूपले निर्माण भएका भौतिक संरचना सम्झनु पर्छ।

[illegible]० "बहुप्रकोप पूर्वसुचना प्रणाली" भन्नाले कटहरीया नगरपालिकामा विपद्को समयमा सुचना प्रवाह गर्ने साधनलाई सम्झनु पर्छ।

## परिच्छेद – २

## आपतकालीन केन्द्रको उद्देश्य, क्षेत्र, संरचना र काम, कर्तव्य अधिकार

### २.१ आपतकालीन केन्द्र स्थापनाको मुख्य उद्देश्य

नगरपालिका भित्र घट्न सक्ने प्राकृतिक र गैरप्रकृतिक प्रकृतिको विपद्पछिको अवस्थामा प्रभावकारी रूपमा प्रतिकार्यका लागी समन्वयकारी भूमिकामा विभिन्न क्षेत्रहरूमा रहेका जनशक्तिको सहभागितामा विपद् प्रतिकार्यका लागी केन्द्रबाट कार्यसञ्चालन गर्ने र विपद् प्रतिकार्यलाई प्रभावकारी व्यवस्थापन गर्नु यस केन्द्रको मुख्य उद्देश्य हो।

### २.२ आपतकालीन केन्द्र स्थापनाका विशिष्ट उद्देश्यहरू

(क) विपद्को पूर्वतयारी, प्रतिकार्य चरणलाई प्रभावकारी व्यवस्थापन तथा समन्वयको सुनिश्चितता गर्नु,

(ख) विपद् पूर्वतयारी र प्रतिकार्यका लागी जिल्ला, प्रदेश र संघसंग आवश्यक सहयोग तथा समन्वय गर्नु,

(ग) सूचना सङ्कलन गरी सम्पादन गर्न र मानवीय सहायतासम्बन्धी आवश्यकता पहिचान गर्नु,

(घ) नेपाल सरकार राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, स्वास्थ्य क्षेत्रको आपतकालीन कार्यसञ्चालन केनद्रं, प्रदेशस्तरीय आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रसँग निरन्तर सम्पर्क तथा समन्वय गरी विपद् प्रतिकार्यका गरिविधिहरू सञ्चालन गर्नु,

(ङ) संयुक्त राष्ट्रसंघ, नेपाल रेडक्रस, अन्तराष्ट्रिय/गैर सरकारी संस्था र मानवीय सेवामा कार्यरत संघसंस्थाहरूसँग नियमित समन्वय एवं सञ्चार सम्पर्क गर्नु,

(च) विपद् प्रतिकार्यका लागी सही सूचना र सञ्चार प्रविधि, मानवीय संशाधनको उचित परिचालन र उनीहरूका बिमा लगायत सुरक्षा सुनिश्चितता गर्नु,

(छ) विपद् प्रतिकार्यमा सहभागीहरू बिच प्रभावकारी समन्वय र सहयोगको सुनिश्चितता गर्न र नियमित रूपमा प्रतिवेदनसहित सरोकारवाला निकायहरूलाई सञ्चार गर्नु,

(ज) विपद् प्रतिकार्यको गतिविधिहरूमा नियमित अनुगमन र प्रगतिलाई अद्यावधिक गर्नु,

(झ) विपद्को सममा मानवीय सहयोगलाई परिणाममुखी, जवाफदेही र प्रभावकारी बनाउन विपद् पूर्वतयारी र प्रतिकार्य सन्दर्भमा नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति र सरकारको निर्देशन कार्यान्वयनका लागी जिम्मेवारी वहन गर्नु,

(ञ) केन्द्रले विपद् प्रतिकार्यको प्रारम्भ गर्दा र समापन गर्दा अपनाउनु पर्ने कार्यविधि सुनिश्चित गर्नु, विपद सम्बन्धी नीति, नियम र मापदण्डलाई कार्यन्वयनमा ल्याउने, सूचना व्यवस्थापन गर्नु र कार्यरत पदाधिकारी, स्वयंसेवक र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने।

**२.३ केन्द्रको कार्यगत संरचना**

आपतकालीन कार्यसञ्चालन केन्द्र क्रियाशिल हुँदाको अवस्थामा केन्द्रको कार्यगत संरचना यसप्रकार रहनेछ।

**२.३.१ केन्द्र क्रियाशिल हुँदाको अवस्था**

केन्द्रको कार्यलाई सहज, प्रभावकारी बनाउनका लागी माथिल्लो तहमा स्थानीय विपद् व्यवस्थापन समिति र कार्यसम्पादन गर्ने तहमा आपतकालीन कार्यसञ्चालनको संरचना तपशिल बमोजिम रहेको छ।




**२.३.२ आपतकालीन कार्यसञ्चालन केन्द्रको प्रमुख र विषयगत कार्यटोलीको जिम्मेवारीहरू**

नगरस्तरीय स्थानीय विपद् व्यवस्थापन समिति, केन्द्रको प्रमुख र सूचना व्यवस्थापन अधिकृतको काम, कर्तव्य र अधिकार अनुसूची १ मा उल्लेख गरिएबमोजिम हुनेछ। स्थानीय विपद् तथा जलवायू उत्थानशील कार्यढाँचाले निर्धारण गर्ने कार्यटोलीको जिम्मेवारी र सम्पूर्ण समन्वय र व्यवस्थापन विपद् शाखाको प्रमुखले गर्नुपर्ने छ।

२.४ केन्द्रको कार्यक्षेत्र

(१) केन्द्रको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) मानवीय सेवा आवश्यक पर्ने परिस्थितिहरू (प्राकृतिक प्रकोप, महामारी, वा अन्य विपद्जन्य परिस्थिति समेतमा कटहरीया नगरपालिकाले स्थानीय विपद् तथा जलवायू उत्थानशील कार्यढाँचा तथा विपद् कार्यक्रमको अधीनमा रही कार्य गर्ने ।

(ख) कटहरीया नगरपालिकाका ९ वटा वडाहरुमा विपद् पूर्वतयारी तथा प्रतिकार्यका गतिविधि सम्पन्न गर्ने तथा त्यस सम्वन्धी गरिएका गतिविधिहरुको अभिलेख राख्ने ।

(ग) विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वसूचना संकलन, विश्लेषण र प्रवाह गर्ने ।

(घ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र, एम्बुलेन्स, स्क्याभेटर लगायतका अन्य उपकरणहरू तयारी अवस्थामा राख्ने तथा सञ्चालन गर्ने/गर्न लगाउने र उपलव्ध नभएको अवस्थामा नजिकको पालिका वा निकायसँग आवश्यक समन्वय गरि विवरण अद्यावधिक गर्ने।

(ङ) केन्द्रले जिल्ला प्रशासन कार्यालय, प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्रालय, प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्र, जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रसंग प्रत्यक्ष समन्वय र सहकार्यमा अन्य कार्यहरू गर्ने गराउने ।

(च) विपद् व्यवस्थापन सम्बन्धी भएका निती, नियम, कार्यविधिले तोकेका कार्यहरू गर्ने ।

२.५ केन्द्रको काम, कर्तव्य तथा अधिकार

(१) केन्द्रले विपद् पूर्वतयारी र प्रतिकार्यका सम्बन्धमा देहाय बमोजिमका कार्य गर्नेछः

(क) विपद्जन्य घटनाबाट हुनसक्ने वा भएको क्षतिको जानकारी प्राप्त हुनासाथ केन्द्रले प्रमाणित भएपश्चात निर्धारित फारममा सूचना संकलन गरी सोको जानकारी विपद् शाखा प्रमुख, सामुदायिक प्रतिकाय टोली, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, नेपाली सेना, विषयगत क्षेत्रगत टोली, दमकल, एम्वुलेन्स, स्क्याभेटर आदि सवै निकायलाइ खवर गरि परिचालन गने र सोको जानकारी कार्यटोली, प्रमुख प्रशासकिय अधिकृत, नगर उप-प्रमुख र नगर प्रमुखलाई खवर गर्ने र आवश्कता अनुसार जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने ।

(ख) विपद्का घटनाको जानकारी पश्चात केन्द्रले तुरुन्तै नगर विपद् व्यवस्थापन समितिलाई जानकारी गराई खोज तथा उद्धारका लागी नजिकैको जिल्ला विपद् व्यवथापन समिति, प्रमुख जिल्ला अधिकारीको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी बलको परिचालनका लागि अनुरोध गर्ने र घटना घटनासाथ नगरपालिकामा रहेका तालिम प्राप्त प्रारम्भिक द्रुत लेखाजोखा कार्यटोली

[illegible]चालन गर्ने जुन टोलीमा स्थानीय जनप्रतिनिधि, नेपाल प्रहरी र नेपाल रेडक्रसको प्रतिनिधि [illegible]को टोली परिचालन गर्ने र द्रुत लेखाजोखा प्रतिवेदनको आधारमा रहि प्रारम्भिक चरणको राहत [illegible] सुरु गर्ने ।

(ग) विपद्को प्रकृति र त्यसको प्रभावहेरी विषयगत क्षेत्रहरुको परिचालन गर्ने र विषयगत क्षेत्रहरूलाई सक्रिय बनाउने, केन्द्रमा आवश्यकता अनुसार कार्यदल प्रमुखहरूको बैठक बस्ने।

(घ) विपद्को अवस्था र प्रकृति हेरी आवश्यकता अनुसारका खोज उद्धार, सामुदायिक प्रतिकार्य टोली, द्रुत लेखाजोखा टोली परिचालन गर्ने र कटहरीया नगरपालिकाद्धारा स्वीकृत स्थानीय विपद् व्यवस्थापन गर्न बनेको विधेयक २०७७ अनुसार राहत सामग्री वितरण गर्ने र वितरणको भरपाईहरु सुरक्षित राखी विपद्को समयमा दैनिक, साप्ताहिक, मासिक रुपमा प्रतिवेदन तयार गरि विपद् शाखा हुदै नगरपालिकास्तरीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने र सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिमा पनि पेश गर्ने ।

(ङ) नगरपालिकामा घट्ने घटनाहरुमा समन्वयकारी भुमिका निर्वाह गरि विपद् व्यवस्थापन सम्वन्धी सम्पुर्ण कार्यहरुको सम्पर्क विन्दुरुपमा कार्य गर्ने । उक्त केन्द्रबाट प्रदान गरिने मानवीय सहयोगका कार्य सम्पन्न गर्ने र विपदको घटनाको सूचना तथा तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी विपद्का सूचना तथा तथ्याङ्कलाई अद्यावधिक गरी सरोकारवाला निकायलाई उपलब्ध गराउने ।

(च) विपदबाट भएको क्षतिको लेखाजोखा र विस्तृत सर्वेक्षणको आधारमा रहि नगरपालिकाबाट गरिने कार्यहरुको पहिचान गरि थप श्रोत र साधनको आवश्यकता भएका विकास साझेदार निकायहरुसंग समन्वय गरि काय गर्ने ।

## परिच्छेद – ३

## केन्द्र क्रियाशिल रहने अवस्था र केन्द्रका आधारभूत कार्यहरू

### 3.1 केन्द्र क्रियाशील रहने चरणहरू

केन्द्र विपद् व्यवस्थापनका विपद् पूर्वतयारी, सतर्कता र प्रतिकार्य चरणसम्म सक्रिय रहन्छ। जुन निम्नानुसार उल्लेख गरिएको छः




### ३.२ केन्द्र क्रियाशील रहने अवस्था

#### ३.2.1 केन्द्रको सञ्चालन

(१) केन्द्र हप्ताको सातै दिन, २४ घण्टा नियमित रूपमा सञ्चालन हुनेछ तर केन्द्र देहायको अवस्थामा विशेष क्रियाशील रहनेछः

(क) नगरपालिका भित्र विपद्को अवस्थामा जनधनको क्षति भएमा वा जनजीवन असामान्य भई संकट उत्पन्न भएमा,

(ख) बाढी, पहिरो, आगलागी हुन सक्ने सम्भाव्य पूर्वसूचना प्राप्त भएको अवस्थामा ।

(ग) स्वास्थ्य जन्य महामारी भएको अवस्थामा ।

केन्द्रको वैठक विपद्जन्य घटना भएको वा हुनसक्ने जानकारी प्राप्त हुनासाथ केन्द्रमा वस्न सक्नेछ। बैठक केन्द्रको प्रमुखको संयोजनमा वस्नेछ । बैठकको तयारी, निर्णय लेखन लगायतको काम आपतकालीन केन्द्रबाट गरिनेछ ।

#### ३.२.२ केन्द्रको रात्रीकालिन व्यवस्थापन

(क) कार्यालय समयपछि राति कुनै विपद्को सूचना प्राप्त भएमा सो सूचना नगरपालिका आपतकालीन कार्यसञ्चालन केन्द्रका प्रमुख वा दोस्रो जिम्मेवार अधिकृतको मोवाइलमा वा उहाँहरुको घरको फोनमा समेत जाने व्यवस्था मिलाउनु पर्नेछ ।

([illegible]) विपद् पश्चातको समयमा विपद्को प्रकृति हेरी केन्द्रको सञ्चालन प्रमुख वा एक जना अधिकृतको प्रमुखमा वा अन्य कर्मचारीसहित २४ घण्टा नै सञ्चालनमा राख्नुपर्नेछ ।

(ङ) कामया रहेको अधिकृतलाई घटना विवरण प्राप्त हुनासाथ केन्द्रलाई क्रियाशील गराउने अधिकार हुनेछ । केन्द्रलाई तत्काल क्रियाशील गराई परिस्थितिलाई नियन्त्रणमा लिन र आवश्यक समन्वय गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यमा खटिएको अधिकृतले तत्काल केन्द्रका प्रमुख र स्थानीय विपद् व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवलाई जानकारी गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

## ३.३ केन्द्र का आधारभूत कार्य

केन्द्रले विपद् व्यवस्थापनका पूर्वतयारी चरण देखि प्रतिकार्यसम्मका कार्यहरु सम्पन्न गनुपर्ने हुन्छ । केन्द्रले पूर्वचेतावनी तहमा गरिने गतिविधिहरु, विभिन्न निकायहरुमा गरिने समन्वय र सहकार्य, खोज उद्धार तथा कार्यहरू, प्राथमिक उपचार कार्यहरु, राहत व्यवस्थापनका कार्यहरु सम्पन्न गर्नु पर्नेछ।

### 3.3.1 समन्वय र सहकार्य

(क) केन्द्रले नगरपालिकाको विपद व्यवस्थापनको लागि नगरस्तरको जोखिम नक्सा, संकटासन्नता क्षमता पहिचान, श्रोत र साधनको पहिचान, विपदमा काम गर्ने संघ संस्थाहरुको विवरण र सम्पर्क विवरण तयार गरि समन्वयकारी भुमिका निर्वाह गर्ने,

(ख) केन्द्रले नगरपालिका भित्र जल तथा मौसम विज्ञान विभाग मार्फत प्राप्त हुने सुचनाहरुलाई आवश्यकता अनुसार वडा, समुदाय, जोखिमयुक्त समुदायमा जानकारी गराउने र त्यसका लागि वडा विपद् व्यवस्थापन समिति, समुदाय विपद् व्यवस्थापन समिति, नगर प्रहरी, स्थानीय एफ. एम., संचार माध्यम र दुरसंचार प्रदायक संस्थाहरुसंग समन्वय गरि सुचना प्रवाह गर्ने ।

(ग) स्थानीय विपद् तथा जलवायू उत्थानशील कार्यढाँचाले निर्धारण गरेका विषयगत क्षेत्रको सक्रियतालाई प्रभावकारी बनाउन नियमित बैठक बोलाउने र कार्यढाँचाले निर्धारण गरेको क्षेत्रहरुबाट गरिएका कार्यहरुको प्रतिवेदनलाई नियमित रुपमा नगरपालिका र जिल्लास्थित सरोकारवाला निकायहरुलाई जानकारी गराउने ।

(घ) केन्द्रले संघ, प्रदेश र जिल्लास्तरका विपद् व्यवस्थापन निकायहरुमा समन्वय गर्ने ।

(ङ) केन्द्रले सुरक्षा निकायहरु नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, नेपाली सेना र नेपाल रेडक्रस लगायतका निकायहरु संग नियमित समन्वय गर्ने ।

### ३.३.२. विपद् पूर्वतयारी

(क) नगरपालिकाको विपद् जोखिम नक्साङ्कन गर्ने, जोखिमयुक्त स्थानको पहिचान गर्ने, नगरपालिकामा भएका विपद्का आधारभूत तथ्यांक र घटनाको सूचना संकलन, विश्लेषण र प्रशोधन गर्ने।

(ख) विपद् सम्बन्धी तथ्यांक र सूचना संकलन र पूर्वतयारीमा गरिने जीवन रक्षा सम्बन्धी तालिमको सञ्चालन गर्ने ।

(ग) स्थानीय तहमा रहेका संघसंस्थासंग समन्वय गरि विपद व्यवस्थापनका निम्ति आवश्यक नीति र कार्यक्रम (प्राविधिक, आर्थिक सहयोग, क्षमता अभिवृद्धि, पूर्वतयारी जस्तै साइरन जडान आदि) को पहिचान गर्ने र जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी उपलब्ध गराउने।

(घ) केन्द्रमा आगलागी, भुकम्प, बाढी र अन्य विपद्का पूर्वतयारीका लागि खोज उद्धार सामग्रीहरुको भण्डारण गर्ने ।

(ङ) तथ्यांक र जानकारी संकलनको लागि आधारभूत फारम बनाउने र जिल्लामा अवस्थित विपद् व्यवस्थापनमा काम गर्ने संघ संस्थाको तथ्याङ्क संकलनमा एकरुपता ल्याउने ।

(च) केन्द्रले विपद्को समयमा राहत व्यवस्थापनका लागि स्वीकृत राहत मापदण्डका अनुसार राहत व्यवस्थापनका लागि तयारी गर्न आवश्यक परेको सामग्रीको खरिदका लागि स्थानीय व्यापारीसंग सम्झौता गर्ने।

(छ) जिल्ला र नगरपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण गर्ने आवश्कता अनुसार तथ्याङ्क उपलब्ध गराउने ।

३.३.३ विपद प्रतिकार्य

(क) नगरपालिकामा भएका विपद्का घटनाको सूचना संकलन, विश्लेषण र प्रशोधन गरि समितिलाई उपलब्ध गराउने ।

(ख) विपद् पश्चात नगरपालिकामा रहेका सवै क्षेत्रहरुको परिचालन गर्ने ।

(ग) विपद् प्रतिकार्य लागि खोज उद्धारका लागि स्थानीय नगर प्रहरी र जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको परिचालन गर्ने ।

(घ) उपलब्ध श्रोत र साधनको लगत राख्ने र एकीकृत रुपमा सदुपयोग गर्न सबै सरोकारवालासंग सहकार्य गर्ने ।

(ङ) विपद् प्रतिकार्यका लागी स्थानीय विपद् तथा जलवायू उत्थानशील कार्यढाँचामा भनेको अनुसारको कार्यटोलीहरुको परिचालन गर्ने ।

(च) विपद् प्रतिकायको नियमित प्रतिवेदन विपद् शाखा हुदै स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने र सोको प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउने।

३.३.४ पुर्नलाभ

CamScanner

केन्द्रले मातहत टोलीसंग समन्वय गरि प्रभावित क्षेत्रका सदस्यहरूलाई तत्काल खोज तथा उद्धारका लागि परिचालन गर्ने समन्वय गर्नुपर्नेछ । खोज तथा उद्धारका लागि कम्तीमा १० जना खोज तथा उद्धारकको विवरण आवश्यक वेलामा जुनसकै बेला परिचालन हुनसक्ने/गर्नसक्ने अवस्थामा राख्नुपर्नेछ । केन्द्रले आपतकालीन अवस्थामा जिल्ला तहमा प्रमुख जिल्ला अधिकारीसंग समन्वय गरि नेपाल प्रहरी, शसस्त्र प्रहरी बल र नेपाली सेनाको परिचालन गर्नुपर्दछ ।

### ३.३.५ पूर्व चेतावनी प्रवाह

(क) प्रकोपको पूर्वसुचना प्रभाव गर्नका लागी पुर्वसुचना प्रणाली प्रयोग गर्नु आवश्यक हुन्छ। नेपालको सन्दर्भमा बाढीमा आधारित पूर्वसुचना प्रणालीको विकास र प्रयोगमा आएको छ। पूर्वसुचना प्रणालीको प्रभावकारी रूपमा समुदायमा सूचना प्रवाह गरेमा विपदबाट हुने क्षतिलाई कम गर्न सकिन्छ।

(ख) बाढीको लागि पूर्वसुचना प्रणालीका लागि जल तथा मौसम विज्ञान विभागबाट प्राप्त हुने मौसम पूर्वानुमान (River Watch & Rainfall Watch) को आधारमा समुदाय, स्थानीय तथा जिल्लाहरूलाई सुचना प्रवाह गर्न सकिन्छ। यसका लागी जल तथा मौसम विज्ञान विभागद्वारा नियमित रूपमा प्रकाशन गरिने बुलेटिन, सन्देश र प्रभावित हुन सक्ने स्थानहरूमा नेपाल टेलिकम र एनसेलका सेवाप्रदायकहरूद्वारा पूर्वचेतावनी सन्देशहरू पठाउने र यस्ता सन्देशहरूलाई विभिन्न मिडिया, पत्रपत्रिका, सामाजिक सञ्जालहरू मार्फत सुचना प्रवाह गरिन्छ। त्यसैगरि यस्ता सुचनाहरू राष्ट्रिय, प्रादेशिक, जिल्ला र स्थानिय तहमा हुने आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समितिहरूमा सुचना सम्प्रेषण गर्न सकिन्छ।

कटहरीया नगरपालिकालाई प्रभाव पार्ने प्रमुख नदी लाल बकैयामा पूर्वसुचना प्राप्त गर्न सक्ने प्रणाली लाल बकैया नदीको निजगढको पुलमा राखिएको छ।साथै पालिकालाई प्रभाव पार्ने तिरहारी खोलामा पूर्वसुचना प्रणाली राखिएको छैन। उक्त सूचना नेपाल सरकारको जल तथा मौसम विभागले दिने सूचनालाई समयमा समुदायमा पुर्याउन कार्य पनि आपतकालीन कार्यसञ्चालनको हुनेछ। उक्त कार्यकालागी आपतकालीन कार्यसञ्चालन केन्द्रले कटहरीया नगरपालिकाभित्र रहेको जोखिम र क्षमताको पहिचानको आधारमा सुरक्षित ठाँउहरू र उक्त ठाँउमा पुग्ने बाटाहरूको पहिचान गर्नुपर्दछ।

कटहरीया नगरपालिकाले जल तथा मौसम विज्ञान विभागबाट बाढीको सुचनाको लागि निम्नानुसार श्रोतहरूको अवलोकन गरिरहन आवश्यक छ ।

- जल तथा मौसम विज्ञान विभागको वेभसाइट
- एन्ड्रोइड एप (Nepal Flood Alert)
- सामाजिक संजाल/टोल फ्रि नम्बर – ११५५
- SMS– नेपाल टेलिकम र एनसेल

समुदायमा आधारित पूर्वसुचना प्रणालीहरूबाट प्राप्त सूचनालाई नगरपालिकाको समन्वयमा जिल्ला, प्रदेश र केन्द्रीय आपतकालीन कार्यसञ्चाललन केन्द्र समक्ष पुर्याउनुका साथै जिल्ला, प्रदेश र केन्द्रबाट जारी भएको

पूर्वसूचना वा चेतावनीलाई तत्काले आफ्नो कार्यक्षेत्रभित्र प्रवाह गरी आवश्यक परेमा बसोबास खाली गराउन र समुदायका मानिसलाई सुरक्षित स्थानमा लैजाने व्यवस्था मिलाउने । यस क्रममा देहायका कार्यहरू गर्ने:

१) नगर प्रहरी र स्थानीय तहका कार्यदल/स्वयंसेवक परिचालन गर्ने।

२). स्थानीय तहमा क्रियाशिल अन्य सुरक्षा निकाय परिचालन गर्न जिल्लामा अनुरोध गर्ने।

३) समुदायमा रहेका महिला, गर्भवती, सुत्केरी वा शिसुलाई स्तनपान गराउने महिला, बालबालिका, किशोर(किशोरी, अपाङ्ग, वृद्धवृद्धा, बिरामीलाई सुरक्षित स्थानमा लैजान प्राथमिकता दिने।

### ३.३.६ प्राथमिक उपचार

खोज तथा उद्धार लगतै प्राथमिक उपचारकलाई तत्काल परिचालन गर्न केन्द्र प्रमुखलाई आग्रह गर्नुपर्नेछ र त्यसका लागि स्थानीय रेडक्रस र स्वास्थ्य कार्यटोलीसंगको समन्वयमा परिचालन गर्नुपर्दछ ।

(क) सम्भावना र आवश्यकता अनुसार केन्द्रले प्राथमिक उपचारपछि घाइते तथा बिरामीलाई अस्पताल पुर्याउन एम्बुलेन्स सेवा परिचालन गर्नुपर्नेछ ।

(ख) गम्भीर घाइते,महिला, सुत्करी तथा गर्भवती, बृद्धबृद्धा र बालबालिका, अपाङ्गता भएका व्यक्ति, स्वास्थ्य उपचारमा पहुँच नभएका कमजोर व्यक्तिको उपचारलाइ प्राथमिकता दिनुपर्नेछ।

### ३.३.७ राहत व्यवस्थापन

विपदबाट विस्थापित व्यक्ति, परिवार र समुदायलाई स्फेयर (SPHERE) लगायतका मापदण्ड अनुसार र नगरपालिकाको कोष सञ्चालन कार्यविधिको आधारमा रहि आधारभूत मानवीय सहयोग (सुरक्षित बासस्थान, खाद्यान्न, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबद्र्धन,लत्ताकपडा तथा गैरखाद्य सामग्री, शैक्षिक सामग्री) उपलब्ध गराउन केन्द्रले विषयगत कार्यटोलीसँग समन्वय गर्नु पर्नेछ ।

(क) केन्द्रले सबै विषयगत क्षेत्रको संयोजनमा सो क्षेत्रमा काम गर्ने संघ संस्थाहरूसँग स्थानीय विपद् र आवश्यकता अनुसार नियमित बैठक बोलाई छलफल गर्ने गराउने ।

(ख) मौजुदा राहत सामग्री र स्रोतको अवस्था विश्लेषण गरि नपुग स्रोत र साधनको व्यवस्थाका लागि क्षेत्र, केन्द्र र मानविय सहायक संघ संस्थासँग अनुरोध गर्ने ।

(ग) व्यक्ति, संस्था र नागरिक समाजबाट प्राप्त हुने राहत सहयोग सिमित व्यक्ति, परिवारमा मात्र दोहोरो पर्न नदिन एकद्वार प्रणालीबाट वितरणको व्यवस्था मिलाउन समन्वय गर्ने । सहयोग गर्ने र प्राप्त गर्नेको विवरण नियमित अद्याबधिक गर्ने।

(घ) राहत व्यवस्थापनमा देखिएका कमीकमजोरीको समीक्षा गरी सुधारका लागि समयमै निर्णय लिने।

### ३.३.८ सूचना तथा संचार व्यवस्थापन

केन्द्रले प्रभावकारिता बढाउन सूचना संकलन र व्यवस्थापनमा बढि जोड दिइनेछ। प्राप्त सुचनालाई विश्लेषण गरि सूचनालाई सम्प्रेषण गर्नुपर्दछ। नगरपालिकाबाट दैनिक रुपमा स्थानीय तहका वडाहरुबाट सूचनालाई आपतकालिन कार्यसञ्चालन केन्द्रमा संकलन गरिनेछ।

**विपद् व्यबस्थापन सूचना प्रणाली**

(क) यस केन्द्रले कटहरीया नगरपालिकास्तरीय विपद् व्यवस्थापन समितिलाई प्रतिकार्य सम्बन्धी आवश्यक निर्णय गर्न, जिल्ला, प्रदेश र केन्द्रसँग सहयोग माग गर्न आवश्यक पर्ने देहाय बमोजिमका यथार्थ सूचना सङ्कलन, अभिलेखीकरण र प्रशोधन गरी उपलब्ध गराउनु पर्नेछ।

(ख) सूचना प्रणालीमा राखिने सबै जानकारी आपतकालिन कार्यसञ्चालन केन्द्रका सूचना व्यवस्थापन अधिकृतले प्रमाणित गर्नुपदर्छ।

(ग) सूचना प्रणालीमा राखिने सबै जानकारीको हार्ड कपी आपतकालीन कार्यसञ्चालन केन्द्रमा राखिनु पर्दछ।

(घ) नगरपालिकाको प्रकोप जोखिम विश्लेषण नक्साको अभिलेख राख्नुपर्दछ।

(ङ) नगरपालिकाको सङ्कटासन्नता विश्लेषण तथा लेखाजोखाको अभिलेख राख्नुपर्दछ।

(च) नगरपालिकाको सङ्कटासन्नता समुदायको जनसङ्ख्याको अभिलेख राख्नुपर्दछ।

(छ) महत्त्वपूर्ण निकायहरुको सूचना विवरण राख्नुपर्दछ।

(ज) प्रतिकार्यमा प्रयोग हुने मानव संसधान र भौतिक सामग्रीको सूची राख्नुपर्दछ।

(झ) सञ्चार सुविधाहरूको उपलब्धता र विस्तृत विवरण संकलन गरि राख्नुपर्दछ।

**३.3.९ क्षमता अभिवृद्धि**

(क) नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्यका सन्दर्भमा नगरस्थित सबै निकाय र शाखाका कर्मचारीहरुको क्षमता विकासका तालिम, गोष्ठी, कार्यशाला कार्यक्रम सञ्चालन गर्न समन्वय गर्ने।

(ख) केन्द्रले देहाय बमोजिम क्षेत्रमा क्षमता अभिवृद्धिका क्रियाकलाप आफै संचालन गर्नेछ वा आवश्यकता अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको स्वीकृतिमा अन्य सरोकारवाला निकायसंग साझेदारी गरेर संचालन गर्नेछ।

(ग) स्थानीय तहमा रहेका समितिका पदाधिकारीहरुलाई विपद् सम्बन्धि तथ्यांक संकलन, विश्लेषण र अभिलेखीकरण सम्वन्धी क्षमता अभिवृद्धि।

(घ) पूर्वतयारीका तथा प्रतिकार्यका लागि तालिम र स्रोत साधनको अभिवृद्धि गर्ने।

(ङ) सूचना व्यवस्थापनको लागि स्थानीय र जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रका कर्मचारीहरुलाई सुचना प्रविधि सम्बन्धी तालिम प्रदान गर्ने ।

(च) समुदायमा सूचना सम्प्रेषण, वितरणको निम्ति समुदाय स्तरमा अन्तरक्रिया कार्यक्रम गर्ने, स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारी र विषयगत कार्यदललाई द्रुत विपद लेखाजोखा सम्बन्धि तालिम दिने र अभ्यास गराउने, तथ्यांकको विश्वसनीयता र आधिकारिकतालाई कायम गर्न आवश्यक प्रशिक्षणको व्यवस्था गर्ने, विद्यालय लक्षित कार्यक्रम, सञ्चारकर्मीहरुलाई विपद सूचना संकलन, सम्प्रेषण सम्बन्धि तालिमको आयोजना गर्ने, आवधिक रुपमा अन्तरक्रिया गर्ने ।

(छ) विपदको समयमा उद्दार र राहत व्यवस्थापनको निम्ति सम्बन्धित कार्यदललाइ समय समयमा अभ्यास, प्रशिक्षण, अवलोकन भ्रमण लगायत क्षमता अभिवृद्धिका क्रियाकलाप गर्ने र गराउन व्यवस्था मिलाउने ।

**3.3.10 सुरक्षा तथा संरक्षणः**

केन्द्रले आफ्नो कार्यक्षेत्र भित्र विपद्वाट प्रभावित समुदायको सुरक्षा तथा संरक्षणका लागि केन्द्रले देहाय बमोजिमको कार्य गर्नेछः

(क) प्रारम्भिक सुरक्षाका लागि पालिका भित्रको स्थानीय प्रहरी परिचालन गर्ने,
(ख) स्थानीय र जिल्लासँगको समन्वयमा अन्य सुरक्षा निकायमा तत्काल खवर गर्ने,
(ग) विपदबाट प्राभावित भएका महिला, गर्भवती, सुत्केरी वा शिशुलाई स्तनपान गराउने महिला, बालबालिका, अपाङ्ग, वृद्धवृद्धा, विरामी, कुपोषित बालबालिका, मानसिक रूपमा विक्षिप्त व्यक्ति र यौनजन्य हिंसाबाट प्रभावित हुन सक्ने वर्गको संरक्षणको विशेष व्यवस्था गर्न समन्वय गर्ने।

## परिच्छेद -४
## केन्द्रको सूचना प्रणाली र समन्वय

**४.1 विपद् व्यवस्थापन प्रणालीको प्रयोग**

केन्द्रले विपद् प्रतिकार्य तथा पूनर्लाभका कार्यलाई पारदर्शी, जिम्मेवारयुक्त र प्रभावकारी बनाउन सूचना व्यवस्थापनका लागि कार्य गर्नेछ। उक्त कार्यका लागि https://bipadportal.gov.np वेब पोर्टललाई केन्द्रले प्रयोग गर्नेछ। जसको लागि सूचना व्यवस्थापन अधिकृतमार्फत तथ्याङ्कलाई प्रविष्ट गर्ने र त्यस सूचनालाई सूचना प्रविधि प्रणालीको प्रयोग गरि सवैलाई विपद्को बेलाको जानकारी गराइन्छ।

## ४.२ सूचना तथा सञ्चार व्यवस्थापन




(क) केन्द्रले प्राप्त गरेका विपद्सम्बन्धी सूचना तोकिए बमोजिमको सूचना प्रणालीमा राखी अभिलेखीकरण गर्नुपर्नेछ। प्राप्त सूचनालाई पूनः परिक्षण गरी विश्लेषण गरि आवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालय र प्रदेश र संघीय कार्यालयहरु, संयुक्तराष्ट्रसंघका निकायहरू र विकास साझेदारहरूलाई उपलब्ध गराउनुपर्नेछ। उक्त कार्यका लागि नगरपालिकाले एउटा नम्वर २४ सै घण्टा सुचना र संचार व्यवस्थान गर्ने गरि प्रयोग गर्नेछ र केन्द्रले सम्पर्क गर्ने महत्वपुर्ण नम्वरहरु सवैले देखिने गरि व्यवस्थापन गरिनेछ । नगरपालिकाको नम्वरलाइ विभिन्न टोल टोलमा वडा कार्यालयमा, सरकारी कार्याहरुमा, चोक चोकमा यसको प्रचार प्रसार गरि विपद्को समयमा सम्पर्क गर्ने विषयको प्रचार प्रसार गर्नेछ। केन्द्रको सुचना र सञ्चार व्यवस्था तपशिल वमोजिम हुनेछ।

(ख) सूचना प्रवाहका लागि देहायका अभिलेख समावेश हुनेछन्

(१) विपद्को सङ्कटासन्नता, जोखिम र क्षमताको अभिलेख,

(२) विपद् पश्चात् मानवीय, आर्थिक, सामाजिक, भौतिक, सांस्कृतिक क्षतिको पुर्ण अभिलेख,

(३) कार्यक्षेत्रमा भएका महत्वपूर्ण पूर्वाधारहरू तथा विपद्का समयमा परिचालन हुने सेवाको अभिलेख,

(४) आपतकालीन समयमा आवश्यक पर्ने बन्दोवस्ती तथा यातायातका वैकल्पिक मार्गहरूको अभिलेख,

(५) प्रतिकार्यमा प्रयोग हुने मानव संसधान र भौतिक सामग्रीको सूची,

(६) सञ्चार सुविधाहरूको उपलब्धता र विस्तृत विवरण,

(७) विपद् प्रतिकार्यका लागि तोकिएका सम्पर्क व्यक्तिहरूको सम्पर्क नम्वर ।

(८) प्राप्त सूचनाको प्रयोग प्राथमिकताका आधारमा गर्ने,

(९) परिस्थिति प्रतिवेदन (Situation report) का माध्यमबाट सरोकारवालाहरूलाई अद्यावधिक सूचना उपलब्ध गराउने ।

### ४.३ सञ्चार संयन्त्र सम्बन्धमा

केन्द्रले आपतकालीन समयमा सूचना प्रवाह गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । सूचना सङ्कलनको मुख्य स्रोत वडास्तरीय विपद् व्यवस्थापन समिति, समुदाय स्तरीय विपद् व्यवस्थापन समिति,

टोल विकास समिति, क्लव, आमासमुह, एफ.एम. रेडियो, पत्रपत्रिका, सुरक्षा निकाय, रेडक्रसका शाखा उपशाखा, सञ्चारकर्मी र समुदाय हुनेछन् । यसका लागि केन्द्रले भी.एच.एफ रेडियो वा फोन नम्वर प्रयोग गर्न सक्नेछ ।

सूचनाको प्राथमिकता

| प्राथमिकता क्रम | विपद्को अवस्था | समय सीमा (बढीमा) |
|---|---|---|
| १ | जीवन खतरामा परेको छ र तत्कालै उद्धार गर्नु आवश्यक छ | १० मिनेट |
| २ | जीवन खतरामा पर्ने सम्भावना छ र शीघ्र उद्धार गर्नु जरूरी छ | २० मिनेट |
| ३ | विपद्को प्रभाव उच्च छ र समयमै प्रतिकार्य गर्नु जरुरी छ | ३० मिनेट |

CamScanner

४ विपद्का दैनिक घटना विवरणहरू २४ घण्टा

*द्रष्टव्यः प्राथमीकता क्रम १ उच्च र ४ न्यून*

### ४.४ प्रतिवेदन सम्बन्धमा

कार्यक्षेत्रबाट प्राप्त विपद्सम्बन्धी सूचना, तथ्याङ्क, विपद्को अवस्था, प्रतिकार्यका लागि भएका काम क्षेत्रगत निकायहरु र सरोकारवाला निकायहरु बीच भएका समन्वयका साथै स्रोत परिचालनजस्ता विषयलाई समेटेर केन्द्रले प्रतिवेदन तयार पारी जिल्ला प्रशासन कार्यालय, जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण/राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा सम्वन्धीत मन्त्रालयहरू र प्रादेशिक आपतकालिन कार्यसञ्चालन केन्द्र, प्रदेश मातहतका मन्त्रालय र विभागहरुमा संलग्न संस्था तथा निकायहरूमा उपलब्ध गराउनु पर्दछ।

### ४.५ विपद् लेखाजोखा

विपद्को प्रभावकारी प्रतिकार्य र पूर्नलाभका लागि केन्द्रमार्फत् विभिन्न निकायले घटनाबाट भएको मानवीय क्षति, भौतिक तथा संरचनात्मक क्षतिको वारेमा लेखाजोखा गर्नेछन् । यसका लागि केन्द्रले जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला रेडक्रस र सुरक्षा निकाहरू, सरोकारवाला निकायसँग समन्वय गरी केन्द्रले प्राविधिक रूपमा सहयोग गरी तत्काल क्षतिको लेखाजोखा गरी सूचना प्रतिवेदन तयार गरी विपद् प्रतिकार्यका गतिविधिहरू सम्पन्न गर्नुपर्नेछ । यसका लागि नगरपालिकामा रहेका तालिम प्राप्त द्रुत प्रारम्भिक लेखाजोखा जनशक्तिलाई २४ घण्टा भित्र परिचालन गर्नुपर्दछ। यसका लागि ३ सदस्दीय टोली – १ जनप्रतिनिधि, १ नेपाल प्रहरी र १ नेपाल रेडक्रसको प्रतिनिधि परिचालन गर्नुपर्दछ । साथै आवश्यकता अनुसार ७२ घण्टा भित्र वहुक्षेत्रीय प्रारम्भिक द्रुत लेखाजोखा, ४५ दिन भित्र विशेष-क्षेत्रगत विस्तृत लेखाजोखा गर्न नेतृत्व गरी लेखाजोखावाट प्राप्त विवरण प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र, राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, प्रदेश गृह, सञ्चार र कानून मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई साझा गर्नु पर्नेछ। संघीय सरकारले विपद् पछिको बृहत्तर लेखाजोखा गर्ने निर्णय गरेको खण्डमा केन्द्रले आवश्यक सहजीकरणको कार्य गर्नु पर्नेछ।

#### ४.५.१ तत्काल द्रुत लेखाजोखा (IRA)

यो कार्य ० देखि २४ घण्टासम्ममा गरिन्छ । जसमा प्रभावित व्यक्तिको तत्कालीन आधारभूत आवश्यकता, जोखिममा परेका जनताको संरक्षणको सरोकार र उपलब्ध सेवाको बारेमा लेखाजोखा गरिन्छ । तत्काल द्रुत लेखाजोखाको लागि केकभर मोवाइल एप्सको प्रयोग गर्न सकिन्छ तर असाधारण परिस्थितिमा भने हस्तलिखित फारमको पनि प्रयोग हुन्छ । यस प्रयोजनका लागि अनुसूची (2) बमोजिमको ढाँचा प्रयोग गरिनेछ ।

### ४.६ केन्द्रको समन्वय

केन्द्रले विपद् पूर्वको सामान्य चरण र पूर्नलाभसम्मका गतिविधिहरू सम्पन्न गर्न विभिन्न तहमा नियमित रूपमा




समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ । केन्द्रको समन्वय निम्नानुसार हुनेछ ।.

## परिच्छेदः ५
## जनशक्ति व्यवस्थापन, आर्थिक व्यवस्थापन र अन्य

### ५.१ जनशक्ति व्यवस्थापन

केन्द्रमा जनशक्तिको व्यवस्थापनका लागी विपद् शाखाको प्रमुख/सम्पर्क व्यक्ति, सुचना व्यवस्थापन अधिकृत, वारूण यन्त्रको कर्मचारी, र स्थानीय प्रहरीबाट व्यवस्थापन गरिने छ। वारूण यन्त्र र स्थानीय नगरपालिकाको मातहतको प्रहरी नभएको खण्डमा, नेपाल प्रहरी र शसस्त्र प्रहरीसँग समन्वय गरी कर्मचारी व्यवस्थापन गरिने छ। विपद्को समयमा विपद् व्यवस्थापन शाखाबाट केन्द्रमा खटिने जनशक्तिहरूको विवरण तयार पारी व्यवस्थापन गरिनेछ। यस केन्द्रको नियमितरूपमा व्यवस्थापकीय कार्य विपद् व्यवस्थापन शाखाबाट गरिनेछ। तर उक्त केन्द्रमा आवश्यकता हेरी स्वास्थ्य शाखा, खरिद शाखा, प्रशासन शाखा, शिक्षा शाखा, जिन्सी शाखाबाट कर्मचारीहरू व्यवस्थापन गर्न सकिन्छ। केन्द्रमा रहने कर्मचारीहरूको जनशक्ति व्यवस्थापन तपशिल बमोजिम गरिनेछ।

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | नगरपालिकाको विपद् व्यवस्थापन शाखा प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको वा अधिकृत स्तरको कर्मचारी | १ |
| २ | सूचना व्यवस्थापन अधिकृत | १ |
| ३ | प्रशासन सहायक वा सो सरह | १ |
| ४ | वारूण यन्त्र वा नगरप्रहरी (२४ सै घण्टा खटिने गरि)/ नभएको खण्डमा नेपाल प्रहरी वा शसस्त्र प्रहरीबाट | ६ (न्यूनतम – १ पटकमा २ जना कर्मचारी गरी) |

विपद्को समयमा थप कर्मचारीहरू आवश्यक भएमा प्रशासन शाखाको समन्वयमा विभिन्न शाखा, वडाका कर्मचारीहरूलाई काजमा खटाउन सकिनेछ।

(क) सामान्य अवस्थामा केन्द्र मा विहान १० देखि बेलुकी ५ बजे सम्म कर्मचारीको व्यवस्था गर्नुपर्नेछ भने आकस्मिक सूचना केन्द्र २४ घण्टा नै खुल्ला रहनेछ ।

(ख) सार्वजनिक विदाको दिन समेत केन्द्र संचालन गरिनेछ ।

(ग) केन्द्र सक्रिय भएको अवस्थामा केन्द्र प्रमुखले २४ घण्टा कर्मचारीको व्यवस्थापन गर्नेछन् र कर्मचारीको काम विभाजन गरि समय तालिका तयार गरिनेछ ।

(घ) आफ्नो समयतालिकाको काम सकिएपछि सो काम जिम्मा लिने अर्को कर्मचारीलाई आफूले गरेको काम र तत्काल गनुपर्ने काम बारे विस्तृत जानकारी गराउनु पर्नेछ.।

(ङ) एउटा समयतालिका र अर्को समयतालिका बीचमा १५ मिनेट समय खप्टिने व्यवस्था गरिने छ जसमा नयाँ कार्य समयमा काम गर्ने कर्मचारीलाई अघिल्ला समय तालिकामा काम गर्ने कर्मचारीले १० मिनेट जानकारी दिने र अर्को ५ मिनेटमा काम हस्तान्तरणका लागि छुट्याउनु पर्नेछ ।

(च) दिउँसोको कार्यसमयको नेतृत्व केन्द्रका प्रमुखले गर्नेछन् भने रातिको कार्यसमयका लागि कुनै कार्मचारीलाई जिम्मेवारी तोक्न सकिनेछ ।

**५.२ बैठक व्यवस्थापन**

(क) सामान्य अवस्थामा महिनामा कम्तिमा एक पटक विभिन्न शाखाहरुको प्रमुखहरु, कार्यटोली, क्षेत्रगत निकायहरु र सरोकारवाला निकायहरुको उपस्थितिमा बैठक आयोजना गरिनेछ ।

(ख) आपतकालिन अवस्थामा बैठक कम्तिमा विपद्को प्रभावको आधारमा दैनिक वा साप्ताहिक रुपमा आयोजना गरिनेछ ।

### ५.३ आर्थिक व्यवस्थापन

केन्द्रको आर्थिक व्यवस्थापन विपद् व्यवस्थापन शाखाबाट गरिनेछ । आवश्यक सामग्रीहरूको खरिद र मर्मतसम्भारको व्यवस्थापनको सम्पुर्ण कार्य विपद् व्यवस्थापन शाखाबाट गरिनेछ । यस कार्यका लागि नगरपालिका वार्षिक बजेट विनियोजन गर्नुपर्ने छ । विपद्को अवस्थामा थप कर्मचारीको आवश्यकता महसुस भए, नगरपालिकाले विपद् कोषको रकमलाई समेत प्रयोग गर्न सक्नेछ।

### ५.४ केन्द्रको मर्मत सम्भार

केन्द्रमा भएका सामग्रीहरूको नियमित रूपमा मर्मत सम्भार, रेखदेख र संरक्षण विपद् व्यवस्थापन शाखाबाट नियमित रूपमा गरिनेछ ।

### ५.५ केन्द्रमा रहने सामग्रीहरू

केन्द्रमा आपतकालीन कार्यसञ्चालन केन्द्रको नियमित कार्य गर्न र न्यूनतम खोज तथा उद्धार तथा प्राथमिक उपचारका सामग्रीहरू रहने छन् । ती सामग्रीहरु विपद् प्रतिकार्यका लागि प्रयोग हुने गरी यथास्थानमा तयारी अवस्थामा रहने छन् । केन्द्रले प्रयोग गर्ने अभिलेख दर्ता किताब, लगबुक, सूचना विवरण फाराम, प्रतिवेदनको नमूना आदि आपतकालीन कार्यसञ्चालन केन्द्रको मातहतमा रहनेछ ।

### ५.६ आधारभूत कार्यसञ्चालन कार्यविधिको पुनरावलोकन

प्रस्तुत कार्यविधि विपद् पूर्व र विपद्को समयमा प्रतिकार्यलाई प्रभावकारी वनाउन र सोको लागि आवश्यक पर्ने पूर्वतयारी गर्न तयार गरिएको छ । यस कार्यविधिलाई नगरपालिकास्तरीय स्थानीय विपद् व्यवस्थापन समितिवाट आवश्यकता अनुसार समयसापेक्ष पुनरावलोकन नियमति रुपमा गर्न सक्नेछ ।

कटहरी नगरपालिका

## अनुसूची [illegible]: स्थानीय विपद् व्यवस्थापन समिति, केन्द्र प्रमुख र सूचना व्यवस्थापन अधिकृतको काम, कर्तव्य अधिकार

| पद, समिति | जिम्मेवारी |
| --- | --- |
